घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**राजश्व शाखा**

जोमसोम,मुस्ताङ

पत्रसंख्या:२०७६/७७
चलानीनं.

गण्डकी प्रदेश, नेपाल

विषयः पार्किङ शुल्क, वहाल बिरौटी कर (घुम्ती पसलहरू/व्यापार, हाटबजार), र अन्य कर (चरिचरन कर) सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(पहिलो पटक प्रकाशित मितिः २०७७।०३।१५ गते)**

यस गाउँपालिकाबाट आ.व.०७७।०७८ को लागि तपशिल बमोजिमको विषयका करहरु ठेक्कापट्टाद्धारा उठाउनु पर्ने भएकोले ईच्छुक र योग्य व्यक्ति, फर्म, संस्था कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १० औं दिनको कार्यालय समय भित्र फाराम खरिद गरी ११ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१। शिलबन्दी दरभाउपत्र रु.१०००।(एक हजार मात्र, फिर्ता नहुने गरी) तिरी यो सूचना प्रकाशित भएको मितिले १० औं दिनको कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ । खरिद गरिएका दरभाउपत्रहरु ११ औं दिनको १२.०० बजे भित्र दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु दर्ता गरिने छैन । दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको १.०० बजे शिलबन्दी दरभाउपत्र दाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा खोलिने छ । शिलबन्दी दरभाउपत्र दाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । तर शिलबन्दी दरभाउपत्र पेश गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सोही समयमा खरिद गर्ने, पेश गर्ने र खोल्ने काम गरिनेछ ।

२। यस कार्यालयबाट प्रमाणित गरी उपलव्ध गराईएको बोलपत्र मात्र मान्य हुनेछ ।

३। शिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी पेश गर्नु पर्नेछ ।

४। शिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्रका साथ कबुल अंकको ५% ले हुन आउने धरौटी रकम यस गाउँपालिकाका नेपाल बैंक लिमिटेड जोमसोम स्थित ग-३-० घरपझोङ गापा धरौटी खाता नं. ०६८०३०००००३०००००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ वा दरभाउपत्र खोलिने मिति देखि कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

५। शिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (व्यक्तिको हकमा) पेश गर्नुपर्नेछ ।

घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
राजश्व शाखा
जोमसोम,मुस्ताङ

पत्रसंख्याः२०७६/७७
चलानीनं.
गण्डकी प्रदेश, नेपाल

६। संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्र, सोको २०७७ साल आषाढ मसान्त सम्मको नवीकरण, PAN / मु.अ.करदर्ता प्रमाणपत्र र नियमानुसारको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

७। तोकिएको सेवाहरुमा कर उठाउने व्यवस्थाको लागि शिलबन्दी दरभाउपत्रमा स्पष्ट रुपमा अंक र अक्षरमा किटान गरी लेखिएको हुनु पर्नेछ । केरमेट आदि भई नबुझिने भएका अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ र कार्यालयले तोकेको दररेट भित्र रही कर संकलन गर्नु पर्नेछ ।

८। स्वीकृत शिलबन्दी दरभाउपत्र वालाले सम्झौता गर्न आउँदा आफुले कबुल गरेको ठेक्का अंकको ५०% रकम घरपझोङ गाउँपालिका जोमसोम, मुस्ताङको ने.बैं.लि. जोमसोम स्थित ग-१-१ घरपझोङ गापा आन्तरिक राजश्व खाता ०६८०३०००००१००१००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा नगद जम्मा गर्नुपर्नेछ । बाँकी रकम सम्झौता पत्रमा उल्लेख भए अनुसार बुझाउनु पर्नेछ ।

९। शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०। शिलबन्दी दरभाउपत्र स्वीकृत भएको दरभाउपत्र वालाले तोकिएको स्थानमा बसी कर उठाउनु पर्नेछ ।

११। उल्लेख भएदेखि बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

तपशिलः

| ठेक्का नं. | विषय | न्यूनतम ठेक्का अंक | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| GRMJ/२०/०७६/०७७ | पार्किङ शुल्क, वहाल बिरौटी कर (घुम्ती पसलहरू/व्यापार, हाटबजार) र अन्य कर (चरिचरन कर) | रु.३,३०,०००। (तीन लाख तीस हजार मात्र) | रु. १०००। (एक हजार मात्र, फिर्ता नहुने गरी) |

..................................
(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत